नगर सन्देश
नगर सन्देश वा:पौ(साप्ताहिक)
कीर्तिपुर नगरपालिकाको बुलेटिन
वर्ष १ ● अंक १६ ● ने.सं. ११४० चिल्लाथ्व १५ (पुन्हि) ● वि.सं. २०७६ फागुन २६ गते, सोमबार ● 2020 March 9 Monday ● पृष्ठ ८

# कोरोना भाइरसका कारण

# कीर्तिपुर महोत्सव स्थगित



नेपाल सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षको रुपमा घोषणा गरेसँगै विभिन्न संघसंस्थाहरूका साथै सरकारकै विभिन्न निकायहरूले समेत यसलाई टेवा पुग्ने गरी विभिन्न क्रियाकलापहरू गरिरहेकै सन्दर्भमा कीर्तिपुर नगरपालिकाले पनि कीर्तिपुर महोत्सवको घोषणा गरेको थियो। यही २०७७ बैशाख १६ देखि २० गतेसम्म कीर्तिपुर नगरका १० वटै वडाहरूको सक्रियतामा कीर्तिपुर महोत्सव गर्ने गरी विभिन्न तयारीहरू गरिरहेकै सन्दर्भमा गत सन् २०१९ को अन्त्यमा मित्रराष्ट्र चीनको वुहानबाट फैलिएको कोरोना भाइरसका कारण विश्व नै त्रसित भइरहेकोले नेपाल सरकारबाट हाललाई भीडभाड हुने गरी कुनै पनि जमघटका कामहरू नगर्न निर्देशन भए अनुरुप कीर्तिपुर महोत्सव पनि हाललाई स्थगित गर्नु परेको कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले जानकारी दिनुभएको छ। यद्यपि महोत्सव स्थगितको आधिकारिक निर्णय भने आगामी कार्यपालिकाको बैठकले गर्ने मेयर महर्जनले बताउनु भयो। फागुन २४ गते कीर्तिपुरको हिलसाइड होटलमा कीर्तिपुर नगरपालिका वडा नं. ३ द्वारा आयोजित वडाका बौद्धिक व्यक्तिहरूसँगको छलफल कार्यक्रममा मेयर महर्जनले सो कुराको जानकारी गराउनु भएको हो।

कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा वडा अध्यक्ष राजेन्द्र महर्जनले हालसम्म वडामा भएका गतिविधिहरूसँगै आगामी योजना र कार्यक्रमको बारेमा जानकारी गराउनु भएको थियो। छलफल कार्यक्रममा विशेष अतिथि कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्काले बौद्धिक व्यक्तिहरूलाई समेटेर कार्यक्रम गरेकोमा आयोजक वडा नं. ३ लाई धन्यवाद् दिनु हुँदै बौद्धिक व्यक्तिहरूले वडामा मात्र नभएर समग्र कीर्तिपुरकै विकासमा आवश्यक सुझाव दिनुहुनेछ भनी विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा वडामा भइरहेको कार्यक्रमको अलावा युवा लक्षित कार्यक्रमहरू, खानेपानी समस्याको समाधान गर्नुपर्ने, पर्यटन उद्योगलाई टेवा पुग्ने कामहरू गर्नुपर्ने, विश्वव्यापि रुपमै त्रास फैलिरहेको कोरोना भाइरसको विषयमा वडा र नगरपालिकाद्वारा जनचेतनामूलक विशेष कार्यक्रमहरू गर्नुपर्ने, नगरपालिकाको मापदण्डअनुसार मात्र बाटो

*बाँकी पृष्ठ ३*



## सम्पादकीय

### संघीय सरकारको आह्वानले सृजना गरेको अन्यौल

हाम्रो छिमेकी मुलुक चीनको वुहानबाट उदुभव भएर विश्वव्यापि समस्याका रुपमा देखा परेको कोरोना भइरस (कोविद - १९) को समस्याले यतिवेला सिंगै विश्व ग्रसित छ। विश्वका धेरै मुलुकमा देखा परिसकेको यो रोगको सङ्क्रमण विरुद्ध विश्वव्यापि सतर्कता अपनाइन थालिएको छ। विश्व स्वास्थ्य संगठन (WHO) नेपाल पनि यसको सङ्क्रमणको उच्च जोखिममा रहेको समाचार सार्वजनिक हुना साथ नेपाल सरकारले पनि यस विरुद्ध उच्च सतर्कता अपनाउने नाममा यसबाट बच्ने विभिन्न उपायहरू सुझाएको छ। यसै क्रममा अन्य प्रविधिक कुराहरूबाहेक ठूला सभा सम्मेलन, मेला महोत्सव तथा भोज भतेर आयोजना नगर्न र त्यस्ता कार्यक्रममा सहभागी नहुन अनुरोध गरेको छ र राज्यले विभिन्न तहका सरकारी कार्यक्रम तथा विभिन्न पार्टीहरुले पनि आ-आफ्ना त्यस्ता कार्यक्रमहरू स्थगित गर्न थालेका छन्।

तर यही सन्दर्भमा कतिपय नागरिकहरूले पनि त्यस्ता आफ्ना कार्यक्रमहरू स्थगित गरेको वा सानो सिमित संख्यामा मात्र उपस्थित भएर त्यस्ता कार्यक्रम सम्पन्न गर्न थालेका खबर आउन थालेका छन्। तर यहाँ नेर एउटा प्राविधिक समस्या के देखा परेको छ भने कुनै पनि व्यक्ति वा परिवारले आफ्ना त्यस्ता सामाजिक तथा परम्परागत सांस्कृतिक कार्यहरूमा आयोजना गरिने भोज भतेरहरू सानो संख्यामा मात्र सहभागी भएर गर्न वा स्थगित नै गर्न त्यो सूचना वा आह्वानले मात्र निकै कठिन हुने महशुस भएको छ। यस सन्दर्भमा कति संख्यालाई ठूलो वा सानो भन्ने पनि निर्क्यौल गर्न पनि कठिनाई सृजना भएको छ। तसर्थ संघीय सरकारले प्रष्ट भएर त्यस्ता कार्यक्रमहरू गर्दै नगर्न प्रष्ट तथा दुई अर्थ नलाग्ने गरी निर्देशन दिनु आवश्यक छ र स्थानीय सरकारहरुले पनि आ -आफ्नो कार्यक्षेत्रमा त्यस्तो आदेश कार्यन्वयन गर्न सबैलाई निर्देशन नै दिनु आवश्यक छ जसले कायम भएको अन्यौलता समाप्त गर्ने छ।

त्यसरी संस्थागत मात्र नभई व्यक्तिगत तथा पारिवारिक कार्यक्रम पूर्णरुपमा रोक्न अहिले कै अन्य कानुनले सम्भव नभए पनि सामाजिक सुधार ऐनका दफाहरू कडाइका साथ लागू गर्न निर्देशन दिनु वाञ्छनीय हुनेछ। बेलैमा यस तर्फ देखिने किसिमको कदम चाल्न **नगर सन्देश** परिवार संघीय सरकार लगायत देशै भरका सबै स्थानीय सरकारसँग अनुरोध गर्दछ।

# कोरोना भाइरस (कोभिद् १९) र यसले निम्त्याएको त्रास

**गीता श्रेष्ठ**

कोरोना भाइरस (कोविद १९) नयाँ भाइरसबाट लाग्ने श्वास प्रश्वास सम्बन्धी रोग हो। यसका लक्षणहरू साधारण खोकीदेखि लिएर निमोनियासम्म हुन सक्छ। यो भाइरस पहिलो पटक सन् २०१९ को डिसेम्बर ३१ मा चीनको वुहानमा देखिएको हो।

यसका लक्षणहरूमा १०४ डिग्रीभन्दा बढी ज्वरो आउने, रुघाका लक्षणहरू जस्तै खोकी लाग्ने, घाँटी दुख्ने, थाकाइ लाग्ने र सास फेर्न गाह्रो हुने हो।

यो भाइरस विभिन्न माध्यमबाट फैलिन्छ। जस्तै संक्रमित व्यक्तिको सम्पर्कमा बस्नाले, संक्रमित व्यक्तिले हाच्छिउँ गर्दा वा खोक्दा निष्कने कणहरू टेबल, लकर जस्ता धातुहरूमा बसेको हुन्छ। जहाँ कोही निरोगी मान्छेले छोयो भने त्यही हातले नाक, मुख र आँखामा छोयो भने त्यो भाइरस सजिलै सर्ने हुन्छ।

यसको रोगथामका लागि हामीले नियमित रुपले साबुन पानीले हात धुने, हाच्छिउँ गर्दा वा खोक्दा नाक, मुख छोप्ने, संक्रमित व्यक्तिबाट कम्तीमा पनि ३ मिटरको दूरीमा बस्ने, बिना काम घरबाट ननिस्कने र भीडभाडमा नजाने गर्नु पर्दछ।

कोरोनाको संक्रमण संसारभर फैलिरहेको छ। अहिले यसको संक्रमणले गर्दा हरेक व्यक्तिको मनमा त्रास उत्पन्न गराएको छ। यसको संक्रमण भएपछि एक देखि दुई हप्तामा निको हुन्छ तर यो नयाँ भएकोले जनमानसमा त्रासको वातावरण श्रृजना भएको हो। तसर्थ हामीहरू मानसिक रुपमा तयार भई उच्च मनोबल राख्नु पर्दछ।

यसको संक्रमण विशेष गरी बृद्ध बृद्धा, दीर्घरोगी तथा अन्य रोगसँग लड्ने क्षमता नभएका व्यक्तिहरूलाई हुने गर्दछ। यसको उपचार लक्षणका आधारमा गर्ने गरिन्छ। जस्तै ज्वरो आउने र टाउको दुखेमा सिटामोल खाने, खोकी लागेमा र सास फेर्न गाह्रो भएमा चिकित्सकको सल्लाहअनुसार औषधि खाने गर्नु पर्दछ। तातो र झोलयुक्त पदार्थ खाने गर्नु पर्दछ र आराम गर्ने गर्नु पर्दछ।

कोरोनाको मृत्युदर पनि निकै कम छ। एक सयजनालाई संक्रमण भयो भने दुई देखि तीन जनाको मात्र मृत्यु भएको तथ्याङ्क छ। कोरोना संक्रमण रोक्नको लागि मास्कको भूमिका निकै कम छ। तथर्स यसको अभावले आत्तिनु पर्दैन। बारम्बार साबुन पानीले हात धोई सफा गर्नाले यो भाइरसको संक्रमण हुँदैन।

कोरोना भाइरसको लागि गर्मी प्रतिकूल मौसम हो। हामी कहाँ गर्मी शुरुभएकोले जाडोमा जस्तै छिट्टै फैलिने सम्भावना निकै कम छ। कोरोना भाइरसविरुद्ध खोप र औषधिको लागि अनुसन्धान भइरहेको छ।

अहिले सामाजिक सञ्जाल लगायत विभिन्न माध्यमहरूको कारण त्रास फैलिरहेको छ तर हामी हल्लाको पछि नलागी संयमित भई उच्च मनोबल राखेर यसको विरुद्ध लड्नको लागि तयार हुनुपर्दछ साथै हामीले हाम्रो समाजलाई पनि संयमित बनाई अनावश्यक मानसिक तनाबबाट टाढा राख्न सहयोग गर्नु पर्दछ।

***(लेखिका चिरायू नेशनल हस्पिटलका स.मेट्रोन हुन्।)***

**मेरो धारणा**

**कोरोनाको संक्रमण संसारभर फैलिरहेको छ। अहिले यसको संक्रमणले गर्दा हरेक व्यक्तिको मनमा त्रास उत्पन्न गराएको छ। यसको संक्रमण भएपछि एक देखि दुई हप्तामा निको हुन्छ तर यो नयाँ भएकोले जनमानसमा त्रासको वातावरण श्रृजना भएको हो।**



*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# सार्वजनिक शौचालय सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न




दक्षिण एशियाकै पहिलो खुला दिशामुक्त देश घोषणा भए तापनि नेपालमा हालसम्म पनि सार्वजनिक शौचालय सञ्चालन र व्यवस्थापन गर्ने बारे कुनै पनि नीति निर्देशन नबनेको अवस्थामा कीर्तिपुर नगरपालिकाले यस सम्बन्धी मार्ग निर्देशन पारित गरेको छ। फागुन २३ गते शुक्रबार कीर्तिपुर नगरपालिका र गैर सरकारी संस्था गुठीको आयोजनमा कीर्तिपुर नगरपालिकाको नयाँभवन, अमल्सिमा भएको एक कार्यक्रममा कीर्तिपुर नगरपालिकाको नगरसभाबाट पारित भएको यस मार्ग निर्देशनमा भएका केही बुँदाहरूमा छलफल भई आएको निचोडलाई स्थानीय राजपत्रमा समावेश गरी प्रकाशन गर्ने बताइएको छ।

सार्वजनिक शौचालय सञ्चालन गर्ने र व्यवस्थापन गर्ने नीति बनाउने कीर्तिपुर नगरपालिका देशकै पहिलो नगरपालिका भएको जानकारी दिइएको थियो। गुठीको सहयोगमा कीर्तिपुर नगरपालिका, मध्यपुर थिमि नगरपालिका, ललितपुर महानगरपालिका र काठमाडौं महानगरपालिकाको संयोजकत्वमा सार्वजनिक शौचालय सञ्चालन र व्यवस्थापन मार्ग निर्देशनको मस्यौदा तयार गरेको थियो भने सार्वजनिक शौचालयको समस्या र समाधान गर्न कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्काको अध्यक्षतामा एक कमिटी पनि गठन गरेको थियो। कार्यक्रममा गुठीका प्रकाश अमात्यले उपत्यका र उपत्यकाका बाहिर र विदेशमा समेत सञ्चालन भइरहेको सार्वजनिक शौचालयको स्थिति बारे एक कार्यपत्रका साथै डकुमेन्ट्री पनि प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा कीर्तिपुर नगरपालिकाका वरिष्ठ ईन्जिनियर बालकृष्ण महर्जनले कीर्तिपुर नगरमा १० वटा वडा भएकोमा प्रत्येक वडामा एक/एक सार्वजनिक शौचालय बनाउने योजनाको बारेमा जानकारी गराउनुभएको थियो। वडा नं. ७ र १० मा भने अहिले नै सार्वजनिक शौचालय सञ्चालनमा आइरहेको छ।

कार्यक्रममा कीर्तिपुर नगरपालिकाका उपमेयर खड्काले सार्वजनिक शौचालय अपाङ्गमैत्री, बालमैत्रीका साथै तेश्रो लिङ्गीमैत्री हुनुपर्नेमा जोडदिनुभयो।

कार्यक्रमका सभाअध्यक्ष तथा मेयर रमेश महर्जनले आफूहरूले चुनावमा धेरै मानिसहरू जमघट हुने स्थानहरूमा सार्वजनिक शौचालय बनाउने भनेर प्रतिवद्धता गरेको स्मरण गर्नुहुँदै ठाउँको छनौटमा समस्या भएकोले शौचालयहरू बनाउन नसकिरहेको बताउनुभयो। वडा नं. ७ भाजंगलमा सञ्चालन भैरहेको सार्वजनिक शौचालय एक किसिमको उपत्यकाकै नमूनाको रुपमा सञ्चालन भइरहेको बताउनुहुँदै सार्वजनिक शौचालय भनेको यस्तो हुनु पर्ने भनेर उदाहरण समेत दिइरहेको बताउनुभयो। सबैभन्दा सफा हुनु पर्ने ठाउँ भनेकै भान्छा र शौचालय हुनु पर्नेमा तिनीहरू भनेको फोहर नै हुने मानसिकता भैरहेकोमा यसलाई सुधार गर्नु पर्ने र विस्तारै सुधार पनि भइरहेको बताउनुभयो।

कार्यक्रममा कीर्तिपुर नगरपालिकाका प्रशासकीय अधिकृत ध्रुवराज आचार्य, वडाअध्यक्षहरू हर्ष महर्जन, रमेशमान डंगोल, न्हुच्छेबहादुर महर्जन, अमन महर्जनका साथै शौचालय सम्बन्धी विभिन्न सरोकारवालाहरूको उपस्थिति रहेको थियो भने कार्यक्रम ज्ञानबज्र महर्जनले सञ्चालन गर्नुभएको थियो।

## कोरोना भाइरसका कारण ...

फराकिलो गर्नुपर्ने, ठाउँ ठाउँमा फ्री ईन्टरनेट गर्नुपर्ने, प्रत्येक घरघरमा रुफटप सोलार राख्न प्रेरित गर्नुपर्ने र ३ नं. वडाको मात्र नभई कीर्तिपुरकै सौन्दर्यको रुपमा परिचित र महत्त्वपूर्ण सम्पदा तीन वटा पोखरी समयमा नै निर्माण सम्पन्न गर्नुपर्ने आदि कुराहरूमा छलफल भएको थियो।

छलफल कार्यक्रममा व्यक्त जिज्ञासाहरूलाई प्रमुख अतिथि मेयर महर्जनले स्पष्ट गर्नुहुँदै कीर्तिपुर महोत्सव गर्ने तयारी गरिरहेकोमा अब कार्यपालिकाको बैठकबाट औपचारिक रुपमै स्थगित गर्ने निर्णय गर्ने बताउनुभयो। साथै कीर्तिपुरको समग्र आर्थिक उन्नतीका लागि पर्यटन उद्योगलाई नै प्रवर्द्धन गर्ने गरी कार्यक्रमहरू ल्याउने जानकारी दिनुभएको थियो।

उक्त कार्यक्रम वडाका सचिव काजिराम मालाकारले सञ्चालन गर्नुभएको थियो।

# मिस नेवाः पोखराया प्रतियोगीपिं

# किपू भ्रमणय्

नेवाः खलः कास्कीया ग्वसालय् जुयाच्वंगु मिस नेवाः पोखराया प्रतियोगीपिं किपू भ्रमणय् झायादीगु द' । गुक्वःगु संस्करणय् जुयाच्वंगु सिजि मिस नेवाः पोखराया २२ म्ह प्रतियोगपिंलिसें ग्वसाःखलः नेवाः खलः कास्कीया मू छ्याञ्जे सुजिन्द्र श्रेष्ठ, मिस नेवाः पोखरा नेपाल संवत् ११४० या मू कजि बिमल श्रेष्ठ व नेवाः मिसा पुचः कास्कीया दुजःयालिसें मिस नेवाः पोखराया ल्यू कजिपिं संगीता वज्रचार्य व विश्व विजुक्छेपिं झायादीगु खः । वयूकःपिंत किपू नगरपालिकाया मेयर रमेश महर्जनलिसें वडा अध्यक्षपिं हर्ष महर्जन, रमेशमान डंगोल, राजेन्द्र महर्जन व अमन महर्जनपिंसं किपूया बाघभैरवय् छगू ज्याझ्वःयासें तःजिक लसकुस यानादीगु खः ।

लसकुस ज्याझ्वःयात मेयर महर्जनं सुकुन्दाय् मतच्याका उलेज्या यानादीगु खः । वडा नं.२ या अध्यक्ष रमेशमान डंगोलं लसकुस न्वचु बियादिसें किपूया नस्वाः पोखराय् नं न्यनांवनेमा धकाः किपुलिई उत्पादन जूगु धुं मिस नेवाः पोखराया मू कजि विमल श्रेष्ठजुयात द्वहलपा बियादीगु खः ।

नेवाः खयांनं नेवाः भाय् मल्हानाच्वंगु व नेवाः तजिलजि नं महनाच्वंगुलिं ल्वःहे मनावनीगु जूगुलिं उकियात ल्यंकाःतयेया नितिं थथे मिस नेवाः पोखरा यानावयाच्वनागु व नेवाः भाय् व तजिलजिया धुकू स्वनिगः हे जूगुलिं थनया भ्रमण याकागु ग्वसाःखलःया मू कजि बिमल श्रेष्ठं जानकारी बियादिल । नेपाल संवत् ११३१ निसें दँय्दसं यानावयाच्वनागु जूसांनं प्रायोजकया समस्यांयानां ने.सं. ११३८ निसें निदँय् छकः यायेगु यानाच्वनागु जानकारी बियादिसें श्रेष्ठं मिस नेवाः पोखरा धयागु सुन्दरी प्रतियोगिता जक मखुसें थुकीया माध्यमं भाय् कला व संस्कृति ल्यंकाः तयेगु अभियान कथं ज्याझ्वः यानाच्वनागु न्ह्यथनादिल । थुगु मिस नेवाः पोखरायात सिजिं प्रायोजन याःगु खः । ज्याझ्वलय् सिजि मिस नेवाः पोखराया प्रतियोगीपिंसं नेवाः भासं हे थःगु म्हसीका बियादीगु खः ।

ज्याझ्वलय किपू नगरपालिकाया मेयर महर्जनं झीगु थ्व नेवाः भाय् स्वथी दुगु प्रमुख कारण राजनीतिक जूगु ध्वाथुइकादिल । पृथ्वीनारायण शाहं एकीकरण धाःगु याये न्ह्यः गोरखाय् राज्य पलिस्था यायेधुंकाः राम शाहं यैंय्च्वंपिं ४० नेवाः परिवारयात व्यापार व्यवसायया लागि गोरखा यंकूगु व अन नेवाः वस्ती दयेकूगु खँ कनादिसें नेवाः गन गन





वन अन अन नेवाः भाय् व संस्कार ल्यंकातःगु न्ह्यथनादिल । दोलखा, चरिकोट, सिन्धुपाल्चोकया तौथली, रामेछाप जःखः ल्हाइगु दोलखाली भाय्, बन्दीपुर व पोखरालगायतय् ल्हाइगु ख्वप भाय् व यैं, यल किपुलिई ल्हाइगु भाय्या बारे ध्वाथुइकादीगु खः । नेवाः खलः कास्कीं ने.सं. ११३१ निसें भाय्, तजिलजि व पहिचान ल्यंकाः तयेया लागि यानाच्वंगु मिस नेवाः पोखरा ज्याझ्वःयात च्वछायादिसें मेयर महर्जनं ग्वसाःखलःयात सुभाय् बियादिल ।

सिजि मिस नेवाः पोखराया टोलियात किपू भ्रमणया लागि रवि महर्जन, रत्न महर्जन, शोभा महर्जन व रामभक्त महर्जनं समन्वय यानादीगु खःसा लसकुस ज्याझ्वः लक्ष्मीकुमार महर्जनं न्ह्याकादीगु खः । भ्रमण टोलिं किपूया आजु द्यः (बाघभैरव), क्वाःच्व (उमामहेश्वर) व चिलंच्व विहारया भ्रमण याःगु खः। सिजि मिस नेवाः पोखरा ११४० या बिजं कासा थ्वहे वइगु चैत्र ८ गते पोखराय् जुइगु जानकारी ब्यूगु खः ।

# नेपालभाषा एकेडेमियात ईन्ष्टिच्यूटया रुपय् विकास यायेगु मेयर महर्जनपाखें प्रतिवद्धता




नेपाल सरकारं सन् २०२०यात नेपाल भ्रमण दँ धकाः घोषणा याःकथं किपू नगरपालिकां नं थ्वहे वइगु २०७७ बैशाखया १६ निसें २० गते तक किपू महोत्सव यायेगु धकाः घोषणा यानातःगु खः। थ्वहे झवलय् बुधवाः किपू नगरया थीथी कलाकारत नापं छगू सहलह ज्याभ्वः याःगु दु। अमल्सिइ च्वंगु कृष्ण क्याटरिङ्गय् जूगु ज्याभ्वलय् किपू नगरया न्ययेम्हस्वयां अप्वः कलाकारपिनिगु ब्वति दुगु खः । किपू नगरपालिकाया मेयर रमेश महर्जनया नायःसुइ जूगु ज्याभ्वलय् उपमेयर सरस्वती खड्का लिसें वडाअध्यक्षपिं रमेशमान डंगोल, राजेन्द्र महर्जन, राजकुमार माली, गंगाराम महर्जन र अमन महर्जनया ब्वति दुगु खः।

ज्याभ्वलय् लसकुस यानादिसें उपमेयर खड्कां थुगु महोत्सव सुथां लाकेत सच्छि व न्ययेछम्ह दुजःया मूल समारोह समिति दयेकागुलिसें कार्यपालिकाया दुजःया कजिसुइ भिंच्यागू थीथी उपसमिति त नं दयेकेधुनागु जानकारी बियादलि। महोत्सव सुथां लाकेत नगरया थीथी संघसंस्थातलिसें सहलह यायेधुनागु व आः कलाकारतलिसें नं सहलह ब्याकाच्वनागु धयादिल। नगरया दक्वं थाय् कःघाइकथंया ज्याभ्वःत यायेगु कथं जुइगु थुगु किपू महोत्सव छगू कथं कोशल्वहँ हे जुइगु बिचाः प्वंकादिल।

सहलह ज्याभ्वलय् कलाकारतयूसं किपू नगरया थुलिमच्छि कलाकारत छथासं मुनेदयेक ज्याभ्वःयानादीगुलिं किपू नगरपालिकायात सुभाय् बियादिलसा किपू महोत्सव भःभःधायेकेत थःपिं कलाकारपिंसं फक्व ग्वहालि यायेगु धयादिल। कलाकारतयूसं किपूया म्हसिका बियेगु कथं सकलें कलाकारत मुनां छपू मंकाःम्यें दयेकेमाःगु धयादिलसा उगु म्यें दत धाःसा थःगु स्ट्रिङ्गस् स्टुडियोस सितिकं हे रेकर्डिङ्ग यायेगु संगीतकःमि हरिशरण सायूमिजुं प्रतिवद्धता प्वंकादिल । कलाकार धइपिं देयूया तिसा हे जक खः धकाः धाइगु यानाच्वंगुलिं कलाकारपिंसं थःपिं तिसा मखु म्हया छगू ब्व हे जूगु न्ह्यथनादिल। तिसा जुलकि मालिबलयूजक ब्वइ, म्वालिबलय् दराजय् स्वथनातइगु जूगुलिं थःपिंत नं मालकि जक ब्वयेगु म्वालकि दराजय् स्वथनेथें यायेमज्यूगु धयादिल।

सहलह ज्याभ्वःया सभानायः लिसें किपू नगरपालिकाया मेयर महर्जनं किपू नगर महोत्सव यायेत्यनागुलिं कलाकारतयूत ब्यागलंतयाः महोत्सव हे जुइ फइमखुगु न्ह्यथनादिसें सकल कलाकारपिंसं ग्वहालि यानादीत इनाप यानादिल । किपू नगरया सकल कलाकारत कःघाइगु छगू ईन्ष्टिच्यूट नं दयेकेमाःगु महशुस जुयाच्वंगु उल्लेखयानादिसें नेपालभाषा एकेदमियात उगु ईन्ष्टिच्यूटया रुपय् विकास याये फइगु न्ह्यथनादिल । उकीया लागि नगरपालिकापाखें माःगु ग्वहालि यायेगु धयादिल।

थौंकन्हय् नेपालभाषा एकेडेमिया हल दयेकेत टेण्डर जुयाच्वनेधुंकूगु धयादिसें थ्व हल दयेकेधुंकाः सकल कलाकारत म्होति नं लय् छकः मुनां ज्याभ्वः यायेगु बारे सहलह ब्याके फइगु धयादिसें किपू नगर नं कलाकारतयूगु थायूकथं म्हसिका बीफइगु न्ह्यथनादिल । सहलह ज्याभ्वःस मयेर महर्जनं नेपाल सरकारं छुं नं कथंया सभा सम्मेलन व मनूत मुनेग' कथंया ज्याभ्वः मयायेत निर्देशन जुइ धुंकूगुलिं आःया लागिं तयारी जक यानाच्वनागु व व इलयतक स्वयाः यदि मज्यूसा किपू महोत्सव लिछ्यूाये नं फुगु ध्वाथुइकादिल। ज्याभ्वः किपू नगरपालिका सचिवालय दुजः विकास महर्जनं न्ह्याकादीगु खः।



**ट्याङ्कीमाथि बगैंचा** : कीर्तिपुर नगरपालिका वडा नं. १०, चिलंचो स्थित रिजर्भ्वायर ट्याङ्की माथि बनाइएको बगैंचा *तस्बिर : ज्ञानकुमार महर्जन*

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
## सार्वजनिक खरिद अनुगमन कार्यालय
ताहाचल, काठमाडौं ।

मिति २०७६।११।२२

### विद्युतीय खरिद प्रणाली सम्बन्धी जरुरी सूचना

यस कार्यालयबाट संचालित विद्युतीय खरिद प्रणाली (www.bolpatra.gov.np/egp) को नियमित मर्मत संभार गर्न प्रणालीमा Downtime आवश्यक भएकोले *विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४* को दफा ३१(१) अनुसार यस कार्यालयको मिति २०७६।११।२२ को निर्णयअनुसार आजै १६:३० बजेदेखि २०७६।११।२९ गते १०:०० बजेसम्म प्रणाली बन्द रहने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

साथै मिति २०७६।११।२३, २४, २५ र २६ गते System बाट सिलवन्दी दरभाउपत्र, आशयपत्र र बोलपत्र पेश गर्ने अन्तिम मिति भएकाहरुलाई २०७६।११।३० गते १२:०० बजे सम्म पेश गर्ने र मिति २०७६।११।२७, २८, २९ र ३० गते System बाट सिलवन्दी दरभाउपत्र, आशयपत्र र बोलपत्र पेश गर्ने अन्तिम मिति भएकाहरुलाई २०७६।१२।०२ गते १२:०० बजेसम्म पेश गर्ने गरी म्याद थप गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

## किपू नगरपालिका चीहा संकिपा कासाया सुचं

किपू नगरपालिकाया ऐतिहासिक, साँकृतिक, सामाजिक पक्ष पिलुइ कथं किपू नगरपालिकाया ग्वसालय् जइगु किपू नगर चीहाः संकिपा कासाया चीहाः सकिपा दुथ्याकेगु ई मेगु लच्छि तनेगु निर्णय जूगुलिं थ्वहे वइगु २०७६ फागुन ३० गते तकया दुने चीहाः संकिपा दुथ्याकादीत सकल निर्मातापिंत इनाप याना च्वना ।

किपू नगरपालिका चीहाः संकिपा कासा ग्वसाः खलः
किपू नगरपालिका

# चोभारको गुठी भवन अवलोकन



कीर्तिपुर नगरपालिका वडा नं. ६ चोभारमा बनिरहेको गुठी भवनको नगरपालिकाका मेयर रमेश महर्जन, उपमेयर सरस्वती खड्का, वडा नं. ६ का अध्यक्ष न्हुच्छेबहादुर महर्जन तथा प्राविधिक प्रवास महर्जन लगायतको टोलिले अवलोकन गर्नुभएको छ।

फागुन २० गते मंगलबार भएको उक्त भवन अवलोकन पश्चात स्थानीय जनताहरूसँग छलफल कार्यक्रम पनि भएको थियो । बालकुमारी गुठीको आयोजनमा भएको उक्त छलफल कार्यक्रम चोभारको दबू टोलमा भएको थियो । छलफल कार्यक्रममा वडा अध्यक्ष न्हुच्छेबहादुर महर्जनले वडा नं. ६ नगरपालिकाको सबभन्दा ठूलो वडा भएकोले बजेट पनि धेरै चाहिने बताउनुभयो। धेरै ठाउँमा विकास निर्माणका कामहरू गरिरहेकोले राम्रो गरेकोलाई राम्रो भनेर प्रोत्साहित गर्नु पर्ने यदि नराम्रो हो भने त्यसलाई तुरुन्तै खबरदारी गर्नु पर्ने बताउनुभयो। वडामा भएका कुनै पनि काममा शुन्य भ्रष्टाचार हुनुपर्नेमा जोडदिँदै वडा अध्यक्ष महर्जनले यदि कसैले कहीँ पनि भ्रष्टाचार गरेको थाहा पाए तुरुन्त कारबाही गर्ने बताउनुभयो।

कार्यक्रममा उपमेयर खड्काले चोभार सम्पदा वस्ती पनि भएकोले यहाँ भएका पाटीहरूलाई पुरानै ढाँचामा पुनःनिर्माण गर्नुपर्ने बताउनु हुँदै नगरपालिकाले आवश्यक बजेट विनियोजन गर्ने बताउनुभयो।

कार्यक्रममा मेयर महर्जनले चोभार भनेको ढुङ्गाको काम गर्नेको नामले प्रख्यात भएकोले नयाँपिंढीलाई आफ्नो पुर्ख्यौली पेशा ढुङ्गाकै काम गर्न प्रेरित गर्नु पर्ने बताउनुभयो। बरु यसको लागि तालिमहरू चाहिएमा नगरपालिकाले उपलब्ध गराइदिने भन्नुहुँदै मेयर महर्जनले चोभार बनाउन नगरपालिकाले पहिले नै एक करोड बजेट विनियोजन गर्ने भनेको कुरा दोहोऱ्याउनु भयो। पहिले पहिले फुर्सद्को समयमा पनि आयआर्जनका कामहरू गरिरहने तर हाल त्यस्तो कुनै काम नगरेकोले फुर्सद्को समयलाई पनि सदुपयोग गरी आय आर्जनसँग जोड्नु पर्नेमा मेयर महर्जनले जोड दिनुभयो।

कार्यक्रम रामचन्द्र महर्जनको सभापतित्वमा भएको थियो।

## सूचना ! सूचना !! सूचना !!!

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित यस "नगर सन्देश" बुलेटिनबारे केही सरसल्लाह वा प्रतिक्रियाहरू छन् भने कृपया तलको ठेगानामा आइपुग्ने गरी पठाइदिनुहुन हार्दिक अनुरोध गरिन्छ।

कीर्तिपुर नगरपालिका भवन, फोनः ४३३११८९
ईमेल : nagarsandes@gmail.com

---

**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कीर्तिपुर, काठमाडौं**

## बोलपत्र स्वीकृतीका लागि आशयको सूचना

**प्रकाशित मिति : २०७६/११/१५**

यस कीर्तिपुर नगरपालिकाको ठेक्का नं. KRM-24/076/077 को वडा नं. ६ स्थित चोभारमा ६ नं वडा कार्यालय भवन निर्माणका लागि योजना संचालनको लागि मिति २०७६/०९/१४ गते नेपाल समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको समय भित्र रीत पूर्वक दर्ता भएका बोलपत्रहरु मध्ये ल.पु.म.न.पा. - ९ ठेगाना भएका बाबुरत्न कन्स्ट्रक्सनले सबैभन्दा घटि रकम रु १५,२८२,१८१.६० (मु.अ.क बाहेक) कबोल गरेकोले न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही उक्त बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतीका लागि छनौट भएको हुँदा सोही ऐनको दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ बोलपत्र स्वीकृतीका लागि आशयको सूचना प्रकाशित गरिएको छ।

---

**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

कीर्तिपुर, काठमाण्डौ।
३ नं. प्रदेश, नेपाल।

पत्र संख्याः
च.नं.:

मितिः २०७६/११/२१

**सूचना ! सूचना !! सूचना !!!**

प्रस्तुत विषयमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना तथा हाल राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा सन्त्रासको रुपमा फैलदै गइरहेको कोरोना भाइरसबाट सुरक्षित रहने उद्धेश्यले विध्यालयहरुले लिने कक्षा १ - ७ तथा ९ को शैक्षिक शत्र २०७६ को वार्षिक परीक्षा मिति २०७६/११/२७ गते देखि सञ्चालन गर्नु गराउनु हुन तथा विध्यालय सम्बन्धि अन्य भेला, गोष्ठि, अतिरिक्त क्रियाकलाप तथा विध्यालयहरुमा गरिने वार्षिक उत्सव जस्ता विध्यार्थी अभिभावकहरु समेतको भेला हुने खालका कार्यक्रमहरु हाल सञ्चालन नगर्नु नगराउनु हुन अनुरोध छ।

साथै **कक्षा ८ को नगरस्तरीय परीक्षा** समेत सोही कारण तपशिल बमोजिम परीक्षा शारिणी तय भएकोले आ- आफ्नो विध्यालयबाट परीक्षा सञ्चालन गर्न गराउन सूचित गरिएको छ।

तपशिलः

परीक्षा समयः बिहान १०.३० बजे

| क्र. सं | मिति | विषय | कैफियत |
|---|---|---|---|
| १ | २०७६।११।२७ मंगलबार | अंग्रेजी | |
| २ | २०७६।११।२८ बुधबार | नेपाली | |
| ३ | २०७६।११।२९ बिहीबार | गणित | |
| ४ | २०७६।११।३० शुक्रबार | विज्ञान | |
| ५ | २०७६।१२।०१ शनिबार | सामाजिक | |
| ६ | २०७६।१२।०२ आइतबार | पेशा व्यवसाय | |
| ७ | २०७६।१२।०३ सोमबार | स्वास्थ्य शारीरिक र नैतिक शिक्षा | |
| ८ | २०७६।१२।०४ मंगलबार | स्थानीय विषय | |

नोटः

क) प्रश्न पत्र तथा उ.पु. शिक्षा शाखाबाट उपलब्ध गराइने छ।

ख) विध्यालयले परीक्षा सम्पन्न गरी उ.पु. परीक्षण गराई परीक्षामा प्रयोग गरिएको परीक्षा सामाग्री, मार्क स्लीप, उत्तर पुस्तिका समेत मिति २०७६ चैत्र १४ गते सम्ममा नगर शिक्षा शाखामा बुझाउनु पर्नेछ।

फोन नं. ९७७-१-४३३१६९३, ४३३१८०५, फ्याक्स नं.: ९७७-१-४३३१३८१, E-mail: ict.munkirtipur@gmail.com

# ३ महिने स्कुल ड्रेस तालिम सम्पन्न




कीर्तिपुर नगरपालिकाको आयोजना र महिला सशक्तीकरण केन्द्रको आयोजनमा भइरहेको ३ महिने स्कुल ड्रेस तालिम सम्पन्न भएको छ। कीर्तिपुरको अमल्सिमा फागुन २५ गते भएको समापन समारोहमा प्रमुख अतिथि कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन तथा उपमेयर सरस्वती खड्काले प्रशिक्षार्थीहरूलाई प्रमाण पत्र वितरण गर्नुभएको थियो।

कार्यक्रममा उपमेयर खड्काले ११० औं अन्तर्राष्ट्रिय महिला दिवसको उपलक्ष्यमा शुभकामना व्यक्त गर्नुहुँदै सिकेका सिपलाई पूर्ण रुपमा पालना होस् र जीवनमा सकारात्मक परिवर्तन होस् भनी कामना समेत गर्नुभयो । परिवर्तन गर्नको लागि सबभन्दा पहिले आफ्नो सोच परिवर्तन गर्नु पर्छ र आफैंबाट गर्नु पर्छ भन्नुहुँदै उपमेयर खड्काले जबसम्म सोचाइमा परिवर्तन हुँदैन जति सुकै कुरा गरे पनि केही पनि परिवर्तन ल्याउन सकिंदैन भन्नुभयो।

कार्यक्रमका प्रमुख अतिथि कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले महिला अधिकारको कुरा गर्दा पञ्चायत कालमा भन्दा हाल निक्कै नै बढी अधिकार पाइसकेको र जनप्रतिनिधिको रुपमा महिलाले अधिकार पाएको त विश्वमै अग्रपंक्तिमा रहेको हुनु पर्ने बताउनु भयो। तर प्राप्त अधिकारलाई कसरी उपयोग गरिरहेको भन्ने प्रश्न गर्दै महिला अधिकारकर्मीकै घरमा त्यस्तो नपाएको उदाहरण प्रस्तुत गर्नुभयो। तात्कालिन समयमा श्रीमान् मर्दा श्रीमती पनि मर्न जानुपर्ने वा मारिनु पर्ने सति प्रथा एक किसिमको महिला हिंसाको पराकाष्ठा नै भएको उल्लेख गर्नुहुँदै नेवाः समाजमा सति जान नपर्ने गरी नेवाः छोरीहरूलाई पहिले नै बेलसँगको विवाह गराउने चलन बौद्धअनुयायीहरूले चलाएको दर्शनपक्ष बारे प्रष्ट पार्नुभयो।

महिला सशक्तीकरणका अध्यक्ष गीता डंगोल महर्जनको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ मानव अधिकारकर्मी कपिल श्रेष्ठ, भारती सिलवाल लगायतले पनि आ-आफ्नो मन्तव्य राख्नुभएको थियो भने अप्सरा अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# ३ नं. वडाद्वारा गमला र डष्टवीन वितरण



कीर्तिपुर नगरपालिका वडा नं. ३ ले गमला र डष्टवीन वितरण गरेको छ। प्लाष्टिक न्युनीकरण तथा फोहर मैला व्यवस्थापन कार्यक्रमअन्तर्गत वडाले यसरी आफ्नो टोल टोलमा गमला र डष्टवीन वितरण गरेको हो।

फागुन २५ गते आइतबार वडा भवनमा भएको उक्त कार्यक्रममा नगरपालिकाका फोहर मैला व्यवस्थापन समितिका संयोजक तथा वडा नं. १ का अध्यक्ष हर्ष महर्जनको प्रमुख आतिथ्यतामा उक्त गमला र डष्टवीन वितरण कार्यक्रम भएको हो।

वडामा क्रियाशील विभिन्न १६ वटा महिला समूहहरूलाई प्रमुख अतिथि महर्जन, अतिथिहरू वडा नं. १० का अध्यक्ष अमन महर्जन, विश्व राष्ट्रिय माध्यामिक विद्यालयका शिक्षक दिनेश महर्जन, मिस नेवाः सुनिता डंगोल र वडा सदस्यहरू ज्ञानप्रसाद महर्जन, मिलन महर्जनले उक्त गमला र डष्टवीन वितरण गर्नुभएको हो।

प्रमुख अतिथि महर्जनले वितरित यस गमलालाई राम्ररी हेरविचार गरी फूल फुलाई टोल नै राम्रो बनाउन अनुरोध गर्नुभयो। वडाले दिएकोले वडाले नै हेरविचार गर्छ भनेर बेवास्ता भयो भने रातो गमला पछि हरियो भई फोहर देखिनेप्रचि सचेत गराउनुभयो।

कार्यक्रममा वडा नं. १० का अध्यक्ष अमन महर्जनले महिला समूहहरूलाई दिएको यो गमलालाई हेरविचार गर्नुपर्नेमा जोडदिँदै महिला समूहहरूलाई वडाको दूतको रुपमा काम गर्न अनुरोध गर्नुभयो।

वडा नं. ३ का अध्यक्ष राजेन्द्र महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा करीव ५०० वटा गमला र ३० वटा डष्टवीन प्रत्येक टोल टोलमा राख्ने गरी वितरण गरेको थियो। उक्त गमला र डष्टवीन प्रत्येक टोलमा राख्नाले टोल नै राम्रो हुने र बाहिर फोहर नहुने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रम वडा सदस्य एवम् नगर कार्यपालिका सदस्य नन्ददेवी महर्जनले सञ्चालन गर्नुभएको थियो।

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● Facebook : facebook.com/kirtipurmun ● Facebook : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com